# किसान अधिकार घोषणा-पत्र

(संयुक्त राष्ट्रसंघीय किसान तथा ग्रामिण क्षेत्रमा कार्यरत जनसमुदायहरूको अधिकार घोषणापत्र)



अखिल नेपाल किसान महासंघ

# किसान अधिकार घोषणा-पत्र

(संयुक्त राष्ट्रसंघीय किसान तथा ग्रामिण क्षेत्रमा कार्यरत जनसमुदायहरूको अधिकार घोषणापत्र)

प्रकाशक : अखिल नेपाल किसान महासंघ
प्रकाशन मिति : २०७८
प्रकाशित प्रति : १००० प्रति
सर्बाधिकार : अखिल नेपाल किसान महासंघ
मूल्य : रु.१००/-

# प्रकाशकीय

मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र (युडिएचआर, १९४८), आर्थिक तथा सामाजिक सांस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध (सिईएससीआर, १९६६), अपाङ्गता भएका व्यक्तिहरुको अधिकार (१९७५), आदिवासीहरुको अधिकार (२००७), भियना घोषणापत्र (१९९३), आईएलओ १६९, शरणार्थी अधिकार (१९५१), महिला अधिकार (सिडाउ, १९७९), बाल अधिकार (१९८९) आदि जस्ता व्यक्ति, जनता तथा जनसमुदायको अधिकार संरक्षण गर्ने विभिन्न संयुक्त राष्ट्रसंघीय संयन्त्रहरुका अभियानहरुले मानव अधिकारको समग्रताका बारेमा नयाँ आयाम थपिरहेका छन् । यी अन्तर्राष्ट्रिय निकायहरुले विभिन्न परिस्थिति तथा अवस्थाहरुमा राष्ट्रिय स्तरमा समेत प्रस्ट कानुनी प्रावधानहरु सहित सम्बन्धित समूहहरुको अधिकार संरक्षण गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । तर सबैभन्दा अपहेलित रुपमा जीवनयापन गरिरहेका अनि भोकमरी र गरिबीको सामना गर्दै प्रकृतिसँगको समन्वयमा दिगो रुपमा खाद्यान्न उत्पादन जस्तो महत्वपूर्ण कार्यमा श्रमशील रहेका किसानहरुको अधिकार सुरक्षित गर्ने विशिष्ट दस्तावेज तयार हुन सकेको थिएन ।

खाद्य उत्पादक, साना किसान, भूमिहीन जन, ग्रामीण कामदार, चरुवा, पशुचारक र मछुवारा तथा ग्रामीण भेगहरुमा बस्ने मानिसहरुको जीवन सम्मानित छैन । उनीहरु जमिन्दार, साहु, रोजगारदाता तथा राज्यपक्षबाट शोषित, पीडित र अपहेलित छन् । विकासको मूलधार तथा राजनैतिक आर्थिक प्रक्रियाहरुबाट उनीहरु बहिष्कृत छन् । उनीहरुको उत्पादनका स्रोतमाथि कुनै अधिकार स्थापित छैन । मानव जातिका लागि अपरिहार्य खाद्यान्न उत्पादन गर्ने महान् कर्मशील समुदायको गरिबी निवारण, भोकमरी उन्मुलन दिगो विकास र प्रकृतिको संरक्षणमा योगदानको कदर खड्किएको छ। सभ्यताको यस उचाइमा पुगेको विश्वमा किसानले मानवीय जीवन समेत बाँच्न नपाउनुले वर्तमान युगलाई गिज्याएको अवस्थामा हामीले किसान अधिकारी घोषणापत्रको आवश्यकताको कुरा गर्दा सुरुमा त वास्ता गरिएन । यसबीच थुप्रै चुनौतीको सामना गर्नुपर्‍यो । तर किसानलाई सशक्त बनाउने हाम्रो अभियान थप दृढ र संघर्षपूर्ण हुँदै गयो । अखिल नेपाल किसान महासंघ संलग्न रहेको विश्वभरका किसानहरुको शक्तिशाली र बृहत् किसान आन्दोलन, ला भिया क्याम्पसेनियाको विगत १७ वर्षदेखिको निरन्तर प्रयास र विश्वभरिका किसानहरुको लामो एवं कठिन संघर्षले आज हर्ष र विजय चुमेको छ। यी आन्दोलनको प्रतीकको रुपमा आज गरिबी र भोकमरीमा जीवन व्यतित गर्ने ७५% तर विश्वभरिका खाद्य उत्पादनमा ७०% योगदान पुर्‍याउने साना किसान तथा ग्रामीण जनाताहरुको अधिकार घोषणापत्र पाएका छन् । अहिले हाम्रो यो विजय सबै किसान एवम् ग्रामीण क्षेत्रका जनसमुदायको लागि गौरवको विषय बनेको छ ।

डिसेम्बर १७, २०१८ को दिन विश्वका किसान तथा ग्रामीण क्षेत्रमा बसोबास गर्ने आम जनसमुदायका लागि ऐतिहासिक दिन रह्यो । यो विश्वका किसानहरुको ऐतिहासिक क्षण हो किनभने लामो संघर्षपछि विश्वभरका किसान तथा ग्रामीण क्षेत्रमा बसोवास गर्ने समुदायहरुको अधिकार सुनिश्चित गर्ने गरी अत्यन्त महत्वपूर्ण एउटा अन्तर्राष्ट्रिय दस्तावेज पारित भएको छ । संयुक्त राष्ट्रसंघको महासभाको ७३ औँ सत्रबाट १२१ देशको समर्थन (भोट) सहित अनुमोदन भएपछि अब **किसान तथा ग्रामीण क्षेत्रमा कार्यरत अन्य जनसमुदायहरुको अधिकार घोषणापत्र** एउटा निर्देशित दस्तावेज बनेको छ। यसले लामो समयदेखि किसान अधिकारको माग गर्दै संघर्षमा रहेका विश्वभरका किसानलाई नयाँ उत्साह र हौसला थपेको छ।

महासभाको उक्त सत्रमा पेश भएको **किसान तथा ग्रामीण क्षेत्रमा कार्यरत अन्य जनसमुदायहरुको अधिकार घोषणापत्र**लाई जम्मा १९३ सदस्य राष्ट्रमध्ये १२१ देशको समर्थनबाट पारित गरिएको हो । ८ देशको विरोध तथा ५४ देशको अनुपस्थिति रहेको उक्त सभाको अध्यक्षता बोलिभियाले गरेको थियो । संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य हङ्गेरी, अस्ट्रेलिया, न्युजिल्यान्ड, स्विडेन आदि देशले यसको विरोध गरे भने नेपाल, बोलिभिया, भेनेजुयला, क्युवा, भारत, बंगलादेश, इन्डोनेसिया, दक्षिण अफ्रिका, स्विजरल्यान्ड, श्रीलंका, चिन आदि देशले यसको समर्थन गरे । अनुपस्थित हुनेहरुमा ब्राजिल, जापान, अर्जेन्टिना, फ्रान्स, नर्वे, क्यानडा आदि देशहरु थिए।

सेम्टेम्बर, २०१८ मा संयुक्त राष्ट्रसंघ मानव अधिकार परिषद्ले पारित गरेको उक्त घोषणापत्रलाई हालै महासभामा पेश गरिएको थियो । खुला अन्तरसरकारी क्रियाशील समुहहरु (ओईआईडब्लूजी) को लगातार पाँचौं पटकसम्मको लामो छलफल र सुधारपछि उक्त घोषणापत्र जेनेभास्थित संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद (यूएनएचआरसी) बाट पारित भई संयुक्त राष्ट्रसंघको महासभामा पठाइएको थियो । यतिबेला के स्मरणीय छ भने यसको इतिहास निकै संघर्षपूर्ण छ।

किसान अधिकारको बहसलाई संयुक्त राष्ट्र संघ मातहत ल्याउन ला भिया क्याम्पेसिना (एलभिसि) ले सशक्त र संगठित आवाज उठाएको ऐतिहासिक सन्दर्भ निकै स्मरणीय छ । १७ वर्षअगाडि अर्थात् २००१ मा यसबारे गृहकार्य सुरु भई ला भिया क्याम्पेसिनाले २००८ मा उक्त घोषणापत्र मस्यौदा पारित गरेको हो । दुई वर्षपछि, संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषदले ग्रामीण भेगहरुमा बस्ने साना किसानहरु तथा अन्य मानिसहरुको अधिकार संरक्षण गर्ने उपायहरु तथा साधन प्रस्ताव गर्न आफ्नो सल्लाहकार समितिका १८ स्वतन्त्र विशेषज्ञहरुलाई निर्देशन दिएको पाइन्छ । उक्त सल्लाहकार समितिले साना किसानहरुको अधिकार संरक्षण गर्नुपर्ने आवश्यकतालाई महसुस गरी सशक्त रुपमा प्रस्ताव तयार पार्दै आफ्नो अन्तिम अध्ययन पेश गरेको हो । २०१२ सेप्टेम्बरमा मानव अधिकार परिषदले उक्त मस्यौदा घोषणापत्रलाई पारित गरेपछि यस मस्यौदा घोषणापत्रमाथि छलफल गर्न खुला अन्तरसरकारी

क्रियाशील समूहलाई जन्माएको पाइन्छ । २०१३ जुलाइमा सम्पन्न यसको पहिलो शत्रदेखि यता यसको मस्यौदामा थुप्रै फेरबदलहरु गरिएका छन् । संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषदको अन्तर सरकारी छलफल (ओईआइडब्ल्यूजी) को निकायमा केही वर्षको बार्ता तथा पाँचौं चरणको छलफलपछि गत सेप्टेम्बरमा यो पारित गरिएको र संयुक्त राष्ट्रसंघको महासभामा पठाइएको हो ।

जेनेभाको परिषद्बाट यो पारित हुनुअघि बोलिभियाका राजदूत एन्जेलिका नाभारोले अध्यक्षता गरेको उक्त परिषदमा प्रगतिशील राष्ट्रहरु बोलिभिया, क्युबा, भेनेज्युला र अन्य थुप्रै दक्षिण अमेरिकी राष्ट्रहरु यसको पक्षमा दह्रो उभिएर विगत पाँच वर्षसम्म यसलाई समृद्ध बनाउँदै अगाडि बढाउन उल्लेखनीय योगदान गरे । यस आन्दोलनका अगुवाहरु मध्ये अखिल नेपाल किसान महासंघले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै तहमा सक्रिय सहभागिता जनाएका  थियो । यसका विभिन्न बहस वा छलफलमा ला भिया क्याम्पेसिनाको तर्फबाट यस महासंघका महासचिव प्रमेश पोखरेल लगायत विभिन्न कमरेडहरुको उपस्थिति उल्लेख्य रहेको थियो । देशभित्र पनि २० वर्षे लामो कृषि विकास रणनीति (एडीएस, २०१५–२०३५) तथा नेपालको संविधानमा खाद्य सम्प्रभुताको उपलब्धि हासिल गर्ने एउटा स्तम्भको रुपमा किसानका अधिकारहरुलाई पहिचान गर्न किसान महासंघ केही हदसम्म सफल भएको छ । नेपालमा किसान अधिकार ऐन बनाउन यस महासंघले लामो समयदेखि माग गर्दै आएको छ र हाल यसको मस्यौदा बनेर छलफलको प्रक्रियामा अघि बढ्न सकेको छैन् ।

वर्तमान घोषणापत्रमा २८ वटा धाराहरु रहेका छन् । सबैभन्दा शक्तिशाली धारा १ ले किसानलाई परिभाषित गरेको छ धने धारा २, ३ र ४ ले किसानको अधिकार, सम्मान र सुरक्षण तथा उनीहरुविरुद्धको विभेदको अन्त्य गर्न राज्यको दायित्वको रुपमा व्याख्या गरेको छ । त्यसैगरी धारा १५ देखि २० सम्मका विभिन्न बुँदाहरुमा उनीहरुको खाद्य अधिकार, भूमि अधिकार, प्राकृतिक स्रोत र जैविक विविधता, विउबिजन अधिकार तथा परम्परागत ज्ञान र अभ्यासको अधिकार घोषणापत्रमा संरक्षण, पहिचान र कदर गर्ने काम गरेको छ । उल्लेखनीय कुरा के छ भने यसले किसानको खाद्य सम्प्रभुताको अधिकार एवम् बिउबिजनमाथिको अधिकार सुनिश्चित गरेको छ । भुमि अतिक्रमण, पूजीवादी र रासायनिक खेती तथा निगमीय प्रवाभबाट सुरणक्ष तथा उनीहरुको स्वास्थ्य, शिक्षा तथा रोजगारीको अधिकार पनि प्रत्याभूत गरेको छ ।

केही साम्राज्यवादी , पूजीवादी र नवउदारवादी राष्ट्रहरुको किसानविरोधी विभिन्न हस्तक्षेपका बाबजुद यो सम्झौताको दस्तावेज हुन बाध्य भए पनि यो दस्तावेजले दिगो स्थानीय कृषि, पर्यावरणीय अभ्यासहरु सुनिश्चित गर्न र जिएमओ, किटनाशक र रसायनिक खेतीको विरोध गर्न तथा डब्ल्यूटिओ, एफटिए आदिमा भएका किसानविरोधी सम्झौता र प्रावधानहरु भत्काउन भने सकेको छ । यस मानेमा यो साँच्चिकै एउटा प्रगतिशील दस्तावेज बनेको

छ। यस घोषणापत्रले किसानको योगदानको व्याख्या, कदर र सम्मान गरेको छ। उनीहरुको स्वाभिमानको रक्षा गरेको छ साथै उनीहरुको शक्तिको पहिचान गरेको छ।

अहिले लाखौं किसानहरुको संघर्ष उक्त घोषणपत्रको कार्यान्वयनलाई अघि बढाउन केन्द्रित भएको छ। अन्तर्राष्ट्रिय भूमि गठबन्धन, फियान इन्टरनेसनल, सेटिम, फिमार्क, दक्षिण एसियाली आर्थिक तथा सामाजिक सांस्कृतिक अधिकार महिलावादी गठबन्धन आदिका साथै ला भिया क्याम्पेसिना माताहत रहेका मछुवारा, पशुचारक समुदाय, आदिवासी, आप्रावासी र सामयिक कामदार, दुग्धशालाका कामदार, ग्रामीण महिला तथा युवाहरु सबै अहिले यसको कार्यान्वयनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय  स्तरमा संघर्ष रहेका छन्।

हामीलाई थाहा नै छ, खाना जीवन हो। त्यसैले खाद्य सम्प्रभुता तथा खाद्य अधिकारविना मानव सम्मान, स्वतन्त्रता र न्यायका अन्य अधिकारहरु प्राप्त गर्न' टाढाको कुरा हुन आउँछ। त्यसकारण, जैविक विविधतालाई संरक्षण गर्दै, प्राकृतिक सन्तुलनलाई सम्मान गर्दै र संस्कृतिलाई जोगाउँदै दिगो रुपमा जनता र राष्ट्रका लागि उत्पादन गर्ने उत्पादकहरुको अधिकार सुनिश्चित गराउनुपर्ने विषय महत्वपूर्ण हुन आउँछ। तर दुर्भाग्य ती उत्पादक वर्ग नै अधिकारबाट बञ्चित छन्। भोकमरी र गरिबी सिकार मात्र होइन पुँजीवादी नवउदारवादी नीतिका कारण स्रोतबाट बञ्चित तथा आफ्नो भुगोलबाट विस्थापित हुनुपरेको छ। त्यसैले किसान अधिकार घोषणपत्र संसारभरिका सबैभन्दा धेरै सीमान्तकृत वर्गलाई पनि प्रतिनिधित्व गर्ने सबै ठुला तथा साना किसानहरुको अधिकारको सुनिश्चितता, गरिबी उन्मुलन, मानवताको भविष्य र धर्तीमाताबारे चिन्तित हुनेहरुका लागि महत्वपूर्ण रहेको छ। त्यसैले यसको कार्यान्वयनमा ध्यानाकर्षण गराउने तथा यो उपलब्धिबारे आम जनसमुदायलाई जानकारी गराउने उद्देश्यले यसको अनुवाद गरिएको हो।

अन्त्यमा हामी यस क्षेत्रमा क्रियाशील संघसंगठनहरुसँग घोषणापत्रको कार्यान्वयनका लागि संयुक्त राष्ट्रसंघीय पक्षधर राष्ट्रको रुपमा नेपालमा किसान कानुन बनाउन तथा तदनुरुपका नीति निर्माणका लागि संघर्ष गर्न र ऐक्यबद्धता जनाउन जोडदार आह्वान गर्दछौं।

# त्रिहत्तरौं–सत्र

एजेन्डा नं. ७४ (बी)

**संयुक्त राष्ट्रसंघको महासभा–**

**१७ डिसेम्बर, २०१८ द्वारा अनुमोदित सङ्कल्प प्रस्ताव**

**“तेस्रो कमिटीको प्रतिवेदन सम्बन्धमा** (ए/७३/५८९/एडिडि.२)”

७३/१६५. संयुक्त राष्ट्रसङ्घीय किसान तथा ग्रामीण क्षेत्रमा कार्यरत अन्य जनसमुदायहरूको अधिकार घोषणापत्र

यो महासभा,

किसान तथा ग्रामीण क्षेत्रमा कार्यरत अन्य जनसमुदायहरूको अधिकारसम्बन्धी २८ सेप्टेम्बर २०१८ को संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषद्द्वारा पारित घोषणापत्रको प्रस्ताव ४९/१२ को स्वागत गर्दै,

१. यो सङ्कल्प प्रस्तावको परिशिष्टमा समावेस भएको संयुक्त राष्ट्रसङ्घीय किसान तथा ग्रामीण क्षेत्रमा कार्यरत अन्य जनसमुदायहरूको अधिकार घोषणापत्रलाई पारित गर्दछ,

२. संयुक्त राष्ट्रसंघ प्रणाली अन्तर्गतका सरकार, निकाय तथा सङ्गठनका साथै अन्तरसरकारी तथा गैरसरकारी संस्थाहरूलाई यो घोषणापत्रको प्रचारप्रसार गर्न र यसको सार्वभौम सम्मान र बुझाइलाई प्रोत्साहन गर्न आह्वान गर्दछ;

३. संयुक्त राष्ट्रसंघको महासचिवलाई “मानव अधिकारः अन्तर्राष्ट्रिय मिसिलहरूको (कानुनहरूको) सङ्ग्रह” को अर्को संस्करणमा यस घोषणापत्रका विषयवस्तुहरू समावेश गर्न अनुरोध गर्दछ।

५५ औं पूर्ण बैठक

१७ डिसेम्बर २०१८

# परिशिष्टि

## संयुक्त राष्ट्र सङ्घीय किसान तथा ग्रामीण क्षेत्रमा कार्यरत अन्य जनसमुदायहरूको अधिकार घोषणापत्र

*यो महासभा,*

**संयुक्त राष्ट्र सङ्घको बडापत्रमा घोषित सिद्धान्तहरु जसले अन्तर्निहित गरिमा, मूल्य, समानता तथा विश्वशान्ति, स्वतन्त्रता तथा न्यायको आधारशीलाको रुपमा रहेका मानव परिवारका सदस्यहरूको अविच्छिन्न अधिकारहरूको पहिचान र पुनः स्मरण गर्दैः**

मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, बालअधिकार सम्बन्धी महासन्धि, सबै आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, अन्तर्राष्ट्रिय श्रम सङ्गठनका सान्दर्भिक महासन्धिहरू र विश्वव्यापी वा क्षेत्रीय रूपमा अपनाइएका अन्य सान्दर्भिक अन्तर्राष्ट्रिय संयन्त्रहरूमा समेत समाविष्ट आम सिद्धान्तहरूलाई ध्यानमा राख्दै,

विकासको अधिकारसम्बन्धी घोषणा र विकास अधिकार एक अपरिहार्य मानव अधिकार हो भन्ने मान्यताका आधारमा प्रत्येक मानव तथा सबै जनसमुदायले आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक विकासमा सहभागि हुने, योगदान गर्ने र उपभोग गर्ने सबै मानवअधिकार र मौलिक स्वतन्त्रताहरू पूर्ण रूपमा प्राप्त गर्नुपर्दछ भन्ने मान्यतालाई आत्मसाथ गर्दै,

आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्रलाई पनि पुनः पुष्टि गर्दै;

सबै मानवअधिकार विश्वव्यापी, अविभाज्य, अन्तरसम्बन्धित, अन्तरनिर्भर र पारस्परिक रूपमा प्रभावी हुने तथ्यलाई थप पुष्टि गर्दै निष्पक्ष तथा समान तबरले र उत्तिकै महत्व र जोडका साथ व्यवहार गर्नुपर्छ र एकखाले अधिकारको प्रबर्द्धन र संरक्षण गर्दा अर्को खाले अधिकारहरूको प्रबर्द्धन र संरक्षणको दायित्वबाट राज्यहरूलाई कहिल्यै पन्छिन दिनुहुँदैन भन्ने

कुरालाई पुनः स्मरण गर्दै,

किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरू र जल, जमिन र प्रकृतीबीच विशेष सम्बन्ध र अन्तरक्रिया रहन्छ तथा उनीहरू त्यसमै गाँसिएका र आफ्नो जीवीकोपार्जनका लागि निर्भर रहन्छन् भन्ने मान्यतालाई हृदयङ्गमन गर्दै,

किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूको विश्वभर खाद्यान्न र कृषि उत्पादनको आधारका रूपमा रहेको जैविक विविधताको विकास र संरक्षण तथा सुधारका लागि विगत, वर्तमान र भविष्यको योगदानको कदर गर्दै यसले पर्याप्त खाद्यान्न र खाद्य सुरक्षाको अधिकार लगायत दिगो विकासका लागि सन् २०३० र अन्य अन्तर्राष्ट्रिय रूपमा सहमत गरिएका विकास लक्ष्यहरू प्राप्त गर्नका लागि आधारभूत रूपमा योगदान गर्ने कुरालाई समेत पूर्ण मान्यता दिँदै,

किसान र ग्रामीण क्षेत्रमा कार्यरत अन्य जनसमुदायहरू गरिबी, भोकमरी र कुपोषणबाट अत्यधिक पीडित भएकामा चिन्ता जाहेर गर्दै,

वातावरणीय ह्रास र जलवायु परिवर्तनका कारण किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूले थप भार बेहोर्नुपरेकोमा गहन सरोकार राख्दै,

विश्वभरका किसानहरू वृद्ध हुँदै गएकामा र युवाहरू बढ्दो रूपमा सहरी क्षेत्रमा पलायन भइरहेका तथा प्रोत्साहनको अभाव र ग्रामीण जीवनका कठिनाइका कारण कृषिमै कार्यरत रहन नसक्ने सास्तीपूर्ण अवस्थाप्रति चिन्तित हुँदै र विशेष गरी ग्रामीण युवाहरूका लागि ग्रामीण क्षेत्रको आर्थिक विविधीकरण र गैरकृषि अवसरहरू सिर्जना गर्न आवश्यक रहेको कुरालाई स्वीकार गर्दै;

प्रत्येक वर्ष किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरू जबरजस्ती निष्काशित वा विस्थापित हुने सङ्ख्या बढ्दै गएकामा चिन्तित हुँदै,

धेरै देशहरूमा किसानहरूको आत्महत्याको उच्च घटनाबाट पनि सतर्क रहँदै;

महिला किसान र ग्रामीण महिलाहरूले आफ्नो परिवारको आर्थिक संरक्षण र अर्थतन्त्रको गैर-मौद्रिक क्षेत्रहरूमा काम गरेर ग्रामीण तथा राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउन महत्वपूर्ण भूमिका खेले तापनि उनीहरू प्रायः स्वामित्व, भूमिको समान पहुँच, उत्पादनशील स्रोतहरू,

वित्तीय सेवाहरू, सूचना, रोजगारी वा सामाजिक सुरक्षा जस्ता आधारभूत सुविधाहरूबाट बन्चित हुने र उनीहरू प्रायः विभिन्न रूप र प्रकारका हिंसा र भेदभावको सिकार हुने अवस्था रहेकोमा गहन चिन्ता व्यक्त गर्दै,

मानव अधिकारहरूको दायित्वबोध गर्दै गरिबी, भोकमरी र कुपोषणको उन्मूलन, गुणस्तरीय शिक्षा र स्वास्थ्यको प्रबर्द्धन, रसायन र फोहोरबाट हुन सक्ने जोखिमबाट संरक्षण, बालश्रमको उन्मूलन लगायतका ग्रामीण क्षेत्रका बालबालिकाको अधिकारको प्रबर्द्धन र संरक्षणको आवश्यकतामा समेत जोड दिँदै,

किसान तथा ग्रामिण क्षेत्रमा कार्यरत अन्य जनसमुदायहरू, माछा मार्ने साना किसान, माझी तथा मत्स्य कामदार, पशुपालक, वनकरिया र अन्य स्थानीय समुदायहरूलाई आफ्नो आवाज बुलन्द गर्न, मानवअधिकार र मोहियानी हक सुरक्षित गर्न विविध प्रावधानले अप्ठ्यारो पारेको परिस्थितिमा उनीहरू निर्भर रहनुपर्ने प्राकृतिक स्रोतहरूको दिगो उपयोग सुरक्षित राख्नुपर्ने आवश्यकतामा थप जोड दिँदै,

जल, जमिन, बिउविजन लगायतका अन्य प्राकृतिक स्रोतहरूको पहुँचमा ग्रामीण जनताका लागि बढ्दो चुनौती रहेको स्वीकार गर्दै उपयुक्त ग्रामीण विकासका लागि उत्पादनशील स्रोत र लगानीमा सहज पहुँचको महत्वपूर्ण अनिवार्यतामा जोड दिँदै,

जैविक र पारिस्थितिक प्रणालीको प्रकृतिमा हुने स्वतन्त्र प्रक्रियाहरू र तिनका चक्रीय रूपहरू मार्फत अनुकूलन र पुनः उत्पादन गर्ने क्षमताको सम्मान गर्नुपर्ने तथ्यलाई समेत ध्यानमा राख्दै प्रकृति मैत्री कृषि उत्पादनको दिगो अभ्यास जसलाई धेरै देश र क्षेत्रहरूमा “धर्ती माता वा प्रकृति” का रूपमा मान्ने गरिन्छ र यसको प्रवर्द्धन तथा सञ्चालनमा किसानहरू र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूले गर्दै आएको प्रयासलाई बलियो समर्थन गर्न‘पर्छ भन्नेमा विश्वस्त हुँदै,

विश्वका धेरै भागहरूमा अझैसम्म विद्यमान अत्यन्त खतरनाक र शोषणपूर्ण अवस्थामा किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूले बाध्य भएर जीवन निर्वाह, ज्याला तथा सामाजिक सुरक्षाको अभावमा समेत काममा लाग्नुपर्दा आफ्नो मौलिक अधिकार प्रयोगको अवसरबाट बञ्चित हुनुपरेको अवस्थामाथि मध्यनजर गर्दै,

भूमि तथा प्राकृतिक स्रोतका क्षेत्रमा काम गर्ने व्यक्ति, समूह र संस्थाहरूको मानव अधिकारको प्रबर्द्धन र संरक्षण गर्ने क्रममा व्यक्तिहरूले विभिन्न प्रकारका धम्की र शारीरिक सुरक्षा उल्लङ्घनको उच्च जोखिममा पर्न सक्ने विषयमा गहिरो चिन्ता व्यक्त गर्दै,

ग्रामीण क्षेत्रमा काम गर्ने किसान र अन्य जनसमुदायहरूले हिंसा, दुर्व्यवहार र शोषणबाट तत्काल समाधान वा सुरक्षा पाउनका लागि अदालत, प्रहरी अधिकारी, अभियोजक र वकिलहरूमा पहुँच प्राप्त गर्न कठिनाइ भोग्नुपरेको तथ्यलाई मध्यनजर गर्दै,

खाद्य सामग्रीहरूमा हुने सट्टेबाजी,  खाद्य प्रणालीको बढ्दो केन्द्रीकरण र असन्तुलित वितरणका साथै मूल्य शृङ्खलामा रहेको मानव अधिकारको उपभोगमा बाधा पुऱ्याउने असमान शक्ति सम्बन्धप्रति चिन्तित हुँदै,

विकासको अधिकार नैसर्गिक मानव अधिकार भएकाले प्रत्येक व्यक्ति र सबै जनताले आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक विकासमा भाग लिन, योगदान गर्न र उपभोग गर्न पाउने हक प्राप्त हुँदा मात्र सबै मानव अधिकार र मौलिक स्वतन्त्रताहरू सार्थक उपयोग गर्न सकिन्छ भन्ने कुरालाई पुनः पुष्टि गर्दै,

मानव अधिकारसम्बन्धी दुवै अन्तर्राष्ट्रिय बडापत्र (राजनैतिक र नागरिक अधिकार बडापत्र तथा सामाथिक, आर्थिक र सांस्कृतिक अधिकार बडापत्र) का सान्दर्भिक प्रावधानहरूको अधीनमा रहँदै,  सबै प्राकृतिक स्रोतहरूमा मानिसहरूको पूर्ण र सम्प्रभु रूपमा सार्वभौमसत्ता प्रयोग गर्ने अधिकारलाई स्मरण गर्दै,

धेरै राज्य र क्षेत्रहरूमा प्रयोग भइसकेको खाद्य सम्प्रभुताको अवधारणालाई जनताको खाद्य र कृषि प्रणालीलाई परिभाषित गर्ने अधिकार तथा पर्यावरणीय दिगो विधि र मानव अधिकारको सम्मानबाट उत्पादित स्वस्थ र सांस्कृतिजन्य खाद्यान्नको अधिकारलाई स्वीकार गर्दै,

यस घोषणापत्र र राष्ट्रिय कानुनमा व्यवस्थित गरिएका अधिकारको प्रबर्द्धन र पालनाका लागि प्रयासरत व्यक्ति आफू जस्तै अन्य व्यक्तिहरू र आफूसँग सम्बन्धित समुदायप्रति जिम्मेवार रहेको महसुस गर्दै,

सांस्कृतिक विविधताको सम्मान तथा सहिष्णुता, संवाद र सहकारीको प्रबर्द्धनको महत्वलाई पुनः पुष्टि गर्दै,

श्रम संरक्षण र मर्यादित कामका सन्दर्भमा अन्तर्राष्ट्रिय श्रम सङ्गठनका सिफारिस तथा महासन्धिहरूको स्मरण गर्दै,

जैविक विविधता महासन्धि र यस अन्तर्गतका आनुवंशिक स्रोतहरूमा पहुँच तथा तिनको उपयोगबाट प्राप्त हुने लाभहरूको औचित्यपूर्ण र समन्यायिक बाँडफाँटसम्बन्धी नागोया अभिसन्धिको  स्मरण गर्दै,

खाद्य अधिकार, स्वामित्वको अधिकार, खेतीकिसानी निरन्तरताको अधिकार, प्राकृतिक स्रोतमा पहुँच तथा किसानका अन्य अधिकार, विशेष गरी खाद्य र कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, राष्ट्रिय खाद्य सुरक्षाको सन्दर्भमा भूमि, मत्स्यपालन र वनको उत्तरदायी शासन प्रणालीको स्वैच्छिक मार्गदर्शनहरू, खाद्य सुरक्षा र गरिबी निवारणका सन्दर्भमा दिगो मत्स्यपालनलाई सुरक्षित र स्थायी बनाउन स्वैच्छिक मार्गदर्शनहरू र राष्ट्रिय खाद्य सुरक्षाका सन्दर्भमा पर्याप्त खाद्य अधिकारको प्रगतिशील अनुभूतिलाई समर्थन गर्ने स्वैच्छिक मार्गदर्शनहरूमा संयुक्त राष्ट्रसङ्घ, खाद्य र कृषि सङ्गठन तथा विश्व खाद्य सुरक्षा समितिका महत्वपूर्ण कार्यहरूको व्यापक स्मरण गर्दै,

कृषिको समग्र सुधार तथा ग्रामीण विकास र कृषि सुधारका लागि उपयुक्त राष्ट्रिय रणनीति तर्जुमा गरी समग्र राष्ट्रिय विकास रणनीतिसँग एकीकृत गर्नुपर्ने आवश्यकतामा जोड दिइएको र त्यसबाट पारित किसान बडापत्रको स्मरण गर्दै,

हालको घोषणापत्र र यस्तै सान्दर्भिक अन्तर्राष्ट्रिय सम्झौताहरू मानवअधिकारको संरक्षण र अभिवृद्धिमा आपसी हितकारी हुने वास्तविकतालाई पुनः पुष्टि गर्दै,

अन्तर्राष्ट्रिय सहयोग तथा ऐक्यबद्धताको निरन्तर बढ्दो र दिगो प्रयासद्वारा मानव अधिकारका क्षेत्रमा दूरगामी प्रगति हाँसिल गर्ने दृष्टिकोणका साथ अन्तर्राष्ट्रिय समुदायको प्रतिबद्धतामा नयाँ कदमहरू थप अगाडि बढाउने कार्यमा दृढ सङ्कल्पित हुँदै,

किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूको मानवअधिकारको बृहत्तर संरक्षणको आवश्यकता बारे ध्यानाकर्षित हुँदै र यस विषयका विद्यमान अन्तर्राष्ट्रिय मानव अधिकारका मूल्य र  मापदण्डहरूको सुसंगत व्याख्या र प्रयोगको आवश्यकताप्रति विश्वस्त रहँदै,

निम्नानुसार घोषणाहरू गर्दछ :

**धारा १**

१. वर्तमान घोषणापत्रको प्रयोजनका निम्ति किसान भनेको त्यस्तो जोकोही पनि व्यक्ति हो जसले जीवन निर्वाह र/वा बजारका लागि एक्लै वा अरूसँग मिलेर वा सामुदायिक रूपमा सानो स्तरको कृषि उत्पादनमा संलग्न भएको छ वा हुन खोज्छ र जो विशिष्ट रूपमा मात्र निर्भर नभए पनि परिवार वा घरायसी श्रम र श्रम सङ्गठित गर्ने अन्य गैरमौद्रिक तरिकाहरूमा विशेष रूपमा निर्भर हुन्छ र जसको जमिनमा खास निर्भरता रहेको छ र जसको जमिनप्रति विशेष मोह रहन्छ।

२. वर्तमान घोषणा ग्रामीण क्षेत्रमा काम गर्ने कारिगड वा सानो स्तरको कृषि, बाली रोपण, पशुपालन, मत्स्यपालन, वनकरिया, शिकार गर्ने वा प्राकृत वस्तु बटुल्ने र कृषि वा ग्रामीण क्षेत्रमा आधारित पेसासँग सम्बन्धित हस्तशिल्पमा संलग्न जुनसुकै व्यक्तिका हकमा लागु हुन्छ। साथै यो किसानका आश्रित परिवारका सदस्यहरूका हकमा पनि लागु हुन्छ।

३. वर्तमान घोषणा आदिवासी, जनजाति र भूमिमा काम गर्ने स्थानीय समुदाय, गाउँबेसी बसाइँसराइँ गर्ने समुदायहरू, फिरन्ते, घुमन्ते र अर्ध घुमन्ते समुदाय र माथि उल्लिखित गतिविधिमा संलग्न भूमिहीन कर्मीहरूका लागि पनि लागु हुन्छ।

४. यो घोषणा काममा लगाइएका सबैखाले कामदारहरू, उनीहरूको बसाइँसराइँको अध्यागमनीय स्थिति जेजस्तो भए पनि सबैखाले मौसमी कामदारहरू, वृक्षरोपण, कृषि फर्म, वन र खेतीमा हुने जलचर तथा कृषि-औद्योगिक उद्यमहरूमा कार्यरत सबै ज्यालादारी कामदार लगायत सबै आप्रबासी कामदारहरूमा समेत लागू हुन्छ।

**धारा २**

१. राज्यहरूले किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूको अधिकारको सम्मान, संरक्षण र परिपालना गर्ने छन्। वर्तमान घोषणामा उल्लिखित अधिकारहरू तत्कालै पूर्ण रूपमा कार्यान्वयन गर्न नसके पनि क्रमिक रूपमा उत्तरोत्तर काम गर्दै पूर्णता प्राप्तिका लागि कानुनी, प्रशासनिक र अन्य उपयुक्त कदमहरू चाल्ने छन्।

२. यस घोषणापत्रको कार्यान्वयनमा बृद्धबृद्धा, महिला, युवा, बालबालिका र अपाङ्गता

भएका व्यक्तिहरू लगायत ग्रामीण क्षेत्रमा काम गर्ने किसान र अन्य जनसमुदायहरूको अधिकार संरक्षणमा विभिन्न प्रकारका भेदभावहरूलाई सम्बोधन गर्नुपर्ने आवश्यकतालाई समेत ध्यानमा राख्दै विशेष महत्व दिइने छ ।

३. कानुन तथा नीतिहरू, अन्तर्राष्ट्रिय सम्झौता तथा अन्य नीति निर्णय तयार गर्ने प्रक्रियाहरू कार्यान्वयन गर्दा आदिबासी जनजाति सम्बन्धी विशेष कानुनलाई बेवास्ता नगरी किसानहरू र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायको अधिकारलाई असर गर्न सक्ने कुरामा ध्यान दिँदै, यसरी कार्यान्वयन गर्न‘अघि राज्यहरूले असल नियतका साथ उनीहरूको विश्वसनीय परामर्श र सहयोग गर्नुपर्ने, किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूले आफ्नै प्रतिनिधि संस्थाहरूमार्फत निर्णयहरू गर्न‘अघि त्यसबाट पर्न सक्ने प्रभावलाई मध्यनजर गर्दै उनीहरूको योगदानलाई कदर गर्ने, प्रतिक्रिया दिने, विभिन्न पक्षहरूबीच विद्यमान शक्ति असन्तुलनलाई ध्यानमा राखी सम्बन्धित निर्णय लिँदा र यस्ता निर्णय प्रक्रियाहरूमा समेत व्यक्ति र समूहहरूको सक्रिय, स्वतन्त्र, प्रभावकारी, अर्थपूर्ण र समूचित सहभागिता सुनिश्चित गर्ने र त्यस कुराको सुसूचितता गर्ने छन् ।

४. राज्यहरूले पक्ष राष्ट्र भइरहेका सम्बन्धित अन्तर्राष्ट्रिय सम्झौता र मापदण्डहरू किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूका सम्बन्धमा लागु गर्दा उनीहरूको मानव अधिकार सुसङ्गत दायित्वहरूसँग समेत मेल खाने गरी विस्तृतीकरण र व्याख्या गरी लागु गर्ने छन् ।

५. राज्यहरूले निजी व्यक्तिहरू, व्यावसायिक संस्थाहरू, बहुराष्ट्रिय निगमहरू र अन्य उद्यमहरू जस्ता गैरराजकीय क्षेत्रहरू नियमन गर्दा किसान र ग्रामीण क्षेत्रमा काम गर्ने व्यक्तिहरूको अधिकारको सम्मान र सुदृढीकरण गर्न आवश्यक सबै उपायहरू अवलम्बन गर्ने गरेका छन् भनी सुनिश्चितताको निगरानी गर्ने छन् ।

६. राज्यहरूले यस घोषणापत्रको उद्देश्य र लक्ष्यहरूको प्राप्तिका लागि गरिने राष्ट्रिय प्रयासहरूको सबल समर्थनमा सकारात्मक हुने अन्तर्राष्ट्रिय सहयोगको महत्वलाई स्वीकार गर्दै यस सम्बन्धमा राज्यहरूबिचको समझदारी, सम्बन्धित अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्गठन तथा नागरिक समाज, खास गरी किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूको सङ्गठनहरूको परिचालन गर्ने र उनीहरूको साझेदारीमा उपयुक्त र प्रभावकारी कदम चाल्ने छन् । त्यस्ता कदमहरू निम्नानुसार हुन सक्ने छन् ः

क. सम्बन्धित अन्तर्राष्ट्रिय विकास कार्यक्रमहरू, अन्तर्राष्ट्रिय सहयोगहरू समावेसी छन् र किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूको सरल पहुँचमा छन् र सान्दर्भिक पनि छन् भनी सुनिश्चित गर्ने;

ख. सूचनामूलक जानकारी, अनुभव, तालिम कार्यक्रमहरू र उत्कृष्ट अभ्यासहरूको आदान-प्रदान आदिबाट क्षमता बृद्धि र सिप विकास गर्ने कामको सहजीकरण र समर्थन गर्ने;

ग. अनुसन्धान, वैज्ञानिक तथा प्राविधिक ज्ञान बृद्धिमा सहयोग गर्ने र पहुँचमा सहजीकरण गर्ने;

घ. प्रविधि हस्तान्त्रण गर्दा आपसी सहमती र समझदारीका आधारमा खास गरी विकासोन्मुख देशहरूका सन्दर्भमा, उनीहरूलाई आवश्यक उपयुक्त प्रविधिहरू तथा आर्थिक प्राविधिक सहायता उपलब्ध गराउने क्रममा उनीहरूको पहुँच सुदृढ गर्ने,

ङ. खाद्य मूल्यको चरम अस्थिरता उतारचढाव नियन्त्रण र सट्टेबाजीप्रतिको दुराकर्षणलाई कम गर्नका लागि विश्वव्यापी बजारको कार्यप्रणालीमा व्यापक सुधार तथा खाद्य भण्डारणको अबस्था लगायत अन्य सम्बन्धित बजारका सूचनाहरू समयमै प्राप्त गर्न सक्ने वातावरण बनाउने,

**धारा ३**

१. किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई संयुक्त राष्ट्रसङ्घको बडापत्र, मानव अधिकारको विश्वव्यापी घोषणापत्र र अन्य सबै अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्रहरूमा उल्लेखित सबै मानव अधिकार र मौलिक स्वतन्त्रताहरूको हक पूर्ण उपभोग गर्ने अधिकार निहित भएकोले उत्पत्ति, राष्ट्रियता, जाति, रङ, वंश, लिङ्ग, भाषा, संस्कृति, वैवाहिक स्थिति, सम्पत्ति, अपाङ्गता, उमेर, राजनीतिक वा अन्य विचार, धर्म, जन्म वा आर्थिक, सामाजिक वा अन्य स्थिति जस्ता कुनै पनि आधारमा वा अवस्थामा यस्ता अधिकारको उनीहरूले प्रयोग गर्दा कुनै पनि भेदभाव गर्न पाइने छैन ।

२. किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई आफ्नो विकासको अधिकार प्रयोग गर्दा, प्राथमिकता तोक्दा, रणनीतिहरू निर्धारण गर्दा र अन्य विकासका काम गर्दा पूर्ण स्वतन्त्रताको अधिकार रहने छ ।

३. राज्यहरूले किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरू विरुद्धको विविध रूप र अन्तरघुलित विभेदहरूलाई यथावत राख्ने वा यसो गर्न मद्दत गर्ने कुनै पनि अवस्थाहरू उन्मूलन गर्न उपयुक्त कदमहरू चाल्ने छन् ।

**धारा ४**

१. ग्रामीण क्षेत्रमा काम गर्ने महिला किसानहरू र अन्य महिलाहरू विरुद्ध हुने सबै प्रकारका भेदभावहरू हटाउन पुरुष र महिलाबिचको समानताका आधारमा उनीहरूले सबै मानव अधिकार र मौलिक स्वतन्त्रताहरू पूर्ण र समान रूपमा उपभोग गर्न, सहभागी हुन, लागी पर्न र लाभान्वित हुन तथा स्वतन्त्र रूपमा ग्रामिण क्षेत्रको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक विकासको स्वतन्त्र वातावरण तयार पार्न राज्यहरूले उपयुक्त उपायहरू अवलम्वन गर्ने छन् ।

२. राज्यहरूले महिला किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य महिलाहरूले यस घोषणापत्र र अधिकारहरूसहित अन्य अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी मिसिलहरूमा उल्लेख गरिएका सबै मानव अधिकार र मौलिक स्वतन्त्रताहरू बिनाभेदभाव उपभोग गर्न पाउने छन् भन्ने कुरा सुनिश्चित गर्ने छन् । जसमा निम्न अधिकारहरू पर्दछन् :

   क. राज्यका सबै तहमा विकास योजना तर्जुमा र कार्यान्वयनमा समान र प्रभावकारी रूपमा सहभागिता हुने;

   ख. पर्याप्त स्वास्थ्य सेवा सुविधा, सूचना तथा जानकारी, परामर्श र परिवार नियोजन सहित शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम स्तरमा समान पहुँच हुने;

   ग. सामाजिक सुरक्षा कार्यक्रमबाट प्रत्यक्ष लाभ हुने;

   घ. प्राविधिक दक्षता अभिवृद्धिका लागि कार्यात्मक साक्षरता सम्बन्धी तालिम र औपचारिक वा अनौपचारिक सबै प्रकारका शिक्षा, विशेष तालिम आदि सबै सुविधाहरू सामुदायिक तथा विस्तारित सेवाहरूबाट लाभान्वित हुने,

   ङ. रोजगारी वा स्वरोजगार मार्फत आर्थिक अवसरहरूमा समान पहुँच प्राप्त गर्न स्वयंसेवी समूह, सङ्घ र सहकारीहरू मार्फत  सङ्गठित गर्ने;

   च. सबै खाले सामुदायिक गतिविधिहरूमा सहभागी हुने;

छ. वित्तीय सेवा, कृषि कर्जा तथा ऋण, बजारीकरण सुविधा र उपयुक्त प्रविधिमा समान पहुँच हुने,

ज. भूमि तथा प्राकृतिक स्रोतहरूमा समान पहुँच, प्रयोग र व्यवस्थापन र भूमि तथा कृषि सुधार र भूमि पुनर्वास योजनाहरूमा समान वा प्राथमिकताको व्यवहार पाउने ;

झ. सही रोजगारी, समान पारिश्रमिक र सामाजिक सुरक्षाका लाभहरूमा तथा आयमूलक गतिविधिहरूमा निर्वाध पहुँच गर्ने;

ञ. सबै प्रकारका हिंसाबाट मुक्त हुने ।

**धारा ५**

१. किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई यस घोषणापत्रको धारा २८ बमोजिम आफ्नो समुदायमा रहेका प्राकृतिक स्रोतहरूमा पहुँच, जीवनयापनका लागि पर्याप्त उपभोग गर्न आवश्यक पर्ने प्राकृतिक स्रोतहरूको उपयोग र दिगो रूपमा प्रयोग गर्ने अधिकार छ। साथै उनीहरूलाई यी स्रोतहरूको व्यवस्थापनमा भाग लिने अधिकार पनि छ।

२. राज्यहरूले किसानहरू र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूको परम्परागत रूपमा स्वामित्वमा रहेको वा प्रयोग गर्ने गरेका प्राकृतिक स्रोतहरूलाई असर गर्ने कुनै पनि दोहनलाई अनुमति नदिने सुनिश्चितताका लागि निम्न बुँदाहरूको आधारमा तर यनै बुँदामा मात्र सीमित नहुने गरी विभिन्न उपायहरू अबलम्बन गर्ने छन् ।

क. विधिवत रूपमा सञ्चालन गरिएको सामाजिक र वातावरणीय प्रभाव मूल्याङ्कन,

ख. वर्तमान घोषणाको धारा २ (३) बमोजिम असल विश्वासका साथ परामर्श;

ग. प्राकृतिक स्रोतको दोहनकारी उपायोग हुने फाइदाहरूका विषयमा किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य समुदायहरू र दोहन कर्ताबिच आपसी सहमतिमा स्थापित भएको यस्ता फाइदाहरूको निष्पक्ष र समन्यायिक बाँडफाँडका शर्तहरू,

## धारा ६

१. ग्रामीण क्षेत्रमा काम गर्ने किसान र अन्य जनसमुदायहरूलाई शारीरिक र मानसिक स्वभिमान सहितको बाँच्न पाउने स्वतन्त्रता र व्यक्तिगत सुरक्षाको अधिकार छ।

२. किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई जथाभावी गिरफ्तारी गर्न वा नजरबन्द राख्न, यातना दिन वा अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहार गर्न वा सजाय गर्न दिइने छैन र दासत्वमा वा बन्धक बनाई राखिने छैन।

## धारा ७

१. किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई कानुनका नजरमा व्यक्तिका रूपमा सबै ठाउँमा मान्यता पाउने अधिकार छ।

२. राज्यहरूले किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूको आवागमन स्वतन्त्रतालाई सहज बनाउन उपयुक्त र आवश्यक कदमहरू चाल्ने छन्।

३. राज्यहरूले यस घोषणापत्रको धारा २८ बमोजिम अन्तर्राष्ट्रिय सीमानाहरू वारपारका सन्दर्भमा किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई असर गर्ने सीमावर्ती समस्याहरू सम्बोधन गर्नका लागि आवश्यक सहयोग गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने छन्।

## धारा ८

१. किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई विचार, विश्वास, विवेक, धर्म, भावना, अभिव्यक्ति र शान्तिपूर्ण भेला हुने स्वतन्त्रताको अधिकार हुने छ। स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा आफ्नो विचार मौखिक, लिखित वा प्रकाशन र कलाकृतिका रूपमा वा आफूलाई मन पर्ने अन्य कुनै पनि माध्यमबाट अभिव्यक्त गर्ने अधिकार रहने छ।

२. किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई व्यक्तिगत र/वा सामूहिक रूपमा, अरूसँग हातेमालो गर्दै वा छुट्टै समुदायको रूपमा, मानव अधिकार र मौलिक स्वतन्त्रताहरूको उल्लङ्घनका विरुद्धमा शान्तिपूर्ण गतिविधिहरूमा निर्वाध रूपमा भाग

लिने अधिकार हुने छ ।

३. यस धारामा प्रदान गरिएका अधिकारहरूको प्रयोग गर्दा विशेष कर्तव्य र जिम्मेवारीहरू अन्तर्निहित हुने छन् । त्ययसकारण यहाँ उल्लेखित विषयहरू केही सीमा र सर्तहरूको अधीनमा पनि पर्न सक्ने छन् तर यी सीमाहरू कानुनद्वारा निर्दिष्ट गरिएका हुने छन् र निम्न अनिवार्यता अनुरूप हुने छन् ः

क. अरूको अधिकार वा प्रतिष्ठाको सम्मानका लागि;

ख. राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्था, वा जनस्वास्थ्य वा नैतिकताको संरक्षणका लागि;

४. राज्यहरूले हरेक व्यक्तिको कानुनसम्मत क्रियाकलापको परिणाम स्वरूप हुने र वर्तमान घोषणापत्रमा उल्लेखित अधिकारहरूको रक्षाका लागि सक्षम अधिकारीहरूद्वारा व्यक्तिगत रूपमा र अरूसँग मिलेर कुनै पनि हिंसा, धम्की, प्रतिशोध, साङ्केतिक वा वास्तविक भेदभाव, दबाब वा अन्य कुनै पनि स्वेच्छाचारी कारवाहीविरुद्ध सुरक्षाको सुनिश्चितता गर्न हर प्रकारको आवश्यक उपायहरू अवलम्बन गर्ने छन् ।

**धारा ९**

१. किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई आफ्नो हकहितको संरक्षणका लागि आफ्नो इच्छा अनुसार संघ सङ्गठन, मजदुर सङ्गठन, सहकारी वा अन्य कुनै संघ संस्था वा सङ्घहरू खोल्ने र सामेल हुने तथा सामूहिक रूपमा सम्झौता गर्ने अधिकार हुनेछ । त्यस्ता संस्थाहरू स्वतन्त्र र स्वयंसेवी प्रकाशका हुने छन् र सबै हस्तक्षेप, जबरजस्ती वा दमनबाट मुक्त रहने रहने छन् ।

२. यस अधिकारको प्रयोगमा कानुनले तोकेका र राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य संरक्षण तथा लोकतान्त्रिक समाजमा आवश्यक पर्ने अधिकारहरू वा नैतिकता वा अरूको अधिकार र स्वतन्त्रताको संरक्षणका लागि बाहेक अन्य कुनै प्रतिबन्धहरू लगाउन पाइने छैन ।

३. राज्यहरूले किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायका सङ्गठनहरू, सङ्घ, सहकारी वा अन्य संस्थाहरू, विशेष गरी तिनको स्थापना, विस्तार र कानुनी गतिविधिहरू सञ्चालनका अवरोधहरू हटाउने उद्देश्यका साथ स्थापना गर्न,

प्रोत्साहित गर्न, उपयुक्त उपायहरू.अबलम्वन गर्ने छन् । त्यस्ता संस्थाहरू र तिनका सदस्यहरूविरुद्ध कुनै पनि कानुनी वा प्रशासनिक भेदभावरहितको कानुनी गतिविधि गर्न, उनीहरूको मर्यादा र सुसभ्य जीवनको अधिकारलाई हनन नगर्ने सुनिश्चित गर्न करार व्यवस्थासम्बन्धी वार्ता गर्दा सर्त र मूल्यहरू निष्पक्ष र स्थिर राखिने छन् र उनीहरूको स्थिति मजबुत बनाउन सहयोग प्रदान गर्नुपर्ने छ।

**धारा १०**

१. किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई उनीहरूको जीवन, जमिन र जीविकोपार्जनमा असर पार्ने नीति, कार्यक्रम र परियोजनाहरूको तयारी र कार्यान्वयनमा प्रत्यक्ष र/वा तिनीहरूका प्रतिनिधि संस्थामार्फत सक्रिय र स्वतन्त्र सहभागिताको अधिकार हुने छ।

२. राज्यहरूले किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूको जीवन, जमिन र जीविकोपार्जनलाई असर पार्न सक्ने  निर्णय प्रक्रियाहरूमा प्रत्यक्ष र/वा तिनका प्रतिनिधि सङ्गठनहरूमार्फत  सहभागिता प्रबर्द्धन गर्ने छन्; यसमा किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमद्रदायहरूको सक्षम र स्वतन्त्र सङ्गठनको स्थापना, उनीहरूलाई असर गर्न सक्ने खाद्य सुरक्षा, श्रम र वातावरणीय मापदण्डहरूको तयारी र कार्यान्वयनमा उनीहरूको सहभागिता प्रबर्द्धन समेतको व्यवस्था गर्नुपर्ने छ।

**धारा ११**

१. किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई उनीहरूका उत्पादनहरू प्रशोधन, बजारीकरण र वितरण गर्ने काममा असर गर्ने कारक तत्वहरूबारे जानकारी खोज्ने, प्राप्त गर्ने, विकास गर्ने र उपलब्ध गराउने अधिकार रहने छ।

२. राज्यहरूले ग्रामीण क्षेत्रमा काम गर्ने किसान र अन्य जनसमुदायहरूको  भाषा र अन्य रूपहरूमा सान्दर्भिक, पारदर्शी, समयसापेक्ष र पर्याप्त जानकारीको पहद्रँच सद्रनिश्चितताका लागि मैत्रीपूर्ण सांस्कृतिक विधिहरूबाट आफ्नो जीवन, जमिन र जीविकोपार्जनलाई असर पार्न सक्ने मामिलाहरूको निर्णय प्रक्रियामा उनीहरूको प्रभावकारी सहभागिता सुनिश्चित गर्न र यस कार्यमा उनीहरूको सशक्तिकरण प्रबर्द्धनका लागि उपयुक्त उपायहरू अबलम्बन गर्नुपर्ने छ  ।

३. राज्यहरूले स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूको उत्पादनको गुणस्तर निर्धारण, मूल्याङ्कन र प्रमाणीकरण गर्दा सरल, निष्पक्ष र उपयुक्त प्रणालीमा उनीहरूको पहुँच तथा यस प्रक्रियाको तयारीमा उनीहरूको सहज सहभागिता प्रबर्द्धनका लागि उपयुक्त कदम चाल्ने छन् ।

**धारा १२**

१. किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई न्याय प्राप्तिमा प्रभावकारी र भेदभावरहित पहुँचको अधिकार रहने छ, यसमा विवादहरूको समाधानका लागि निष्पक्ष प्रक्रियाहरूमा पहुँच र तिनको मानव अधिकार उल्लङ्घन विरुद्धमा प्रभावकारी उपचारहरू र त्यस्ता निर्णयहरू, अन्तर्राष्ट्रिय मानव अधिकार अन्तर्गतका सान्दर्भिक दायित्वहरू अनुरूप तथा उनीहरूको चलन, परम्परा, नियम र कानुनी प्रणाली अनुसार हुनुपर्नेमा उचित ध्यान दिनुपर्ने छ ।

२. राज्यहरूले निष्पक्ष र सक्षम न्यायिक र प्रशासनिक निकायहरू मार्फत सम्बन्धित व्यक्तिहरूको भाषामा विवादहरू समाधान गर्न पुनरावेदन, पुनःभरण, हर्जना, क्षतिपूर्तिसहित समयमै किफायती, गैर-भेदभावपूर्ण पहुँच र प्रभावकारी तथा तत्काल कानुनी उपचारहरू प्रदान गर्नुपर्ने छ ।

३. किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई कानुनी सहायताको अधिकार हुने छ । राज्यहरूले प्रशासनिक र न्यायिक सेवाहरूमा पहुँच नभएका किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई सहयोग गर्न थप कानुनी सहायतासहित विभिन्न उपायहरू अवलम्बन गर्ने छन् ।

४. राज्यहरूले यस घोषणापत्रमा उल्लेख गरिएका अधिकारहरूसहित सबै मानव अधिकारहरूको प्रबर्द्धन र संरक्षणका लागि सम्बन्धित राष्ट्रिय संस्थाहरूलाई सुदृढ पार्ने उपायहरू अवलम्बन गर्ने छन् ।

५. राज्यहरूले किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य मानिसहरूलाई उनीहरूको मानव अधिकारको हनन गर्ने, उनीहरूको जमिन र प्राकृतिक स्रोतहरूको स्वेच्छाचारी रूपमा बेदखल गर्ने वा उनीहरूलाई बञ्चित गर्ने हेतुका कुनै पनि कार्य रोकथाम र निवारण गर्नुका साथै किसानहरूको जीवनयापन र आत्मसम्ममानको संरक्षण र कुनै पनि प्रकारको जबरजस्ती बसोबास वा जन विस्थापनका विरुद्धमा प्रभावकारी संयन्त्र निर्माण गर्नुपर्ने छ ।

**धारा १३**

१. किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई काम गर्न पाउने र यसो गर्दा उनीहरूले आफ्नो जीवनयापन गर्ने तरिका स्वतन्त्र रूपमा छनोट गर्न पाउने अधिकार हुने छ।

२. किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायका बालबालिकाहरूलाई जोखिमपूर्ण वा उनीहरूको शिक्षा, स्वास्थ्य वा उनीहरूको शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक वा सामाजिक विकासमा बाधा पुग्ने कामहरूबाट सुरक्षित हुने अधिकार रहने छ।

३. राज्यहरूले किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य व्यक्ति र उनीहरूका परिवार हरूलाई सम्मानित जीवनस्तरका लागि सक्षम बन्ने वातावरण सिर्जना गराउने छन् जसबाट उपयुक्त जीवनयापनका लागि आवश्यक पारिश्रमिक उपलब्ध हुने अवसर प्राप्त हुने छ।

४. चरम ग्रामीण गरिबी सामना गरिरहेका र अन्य क्षेत्रमा रोजगारीका अवसरहरूको अभावमा जीवन बिताइरहेका किसान तथा अन्य व्यक्तिहरूलाई त्यस्ता राज्यहरूले पर्याप्त श्रममूलक खाद्य प्रणाली स्थापना र सुसभ्य रोजगारी सिर्जनामा योगदान प्रबर्द्धन गर्न उपयुक्त कदम चाल्ने छन् ।

५. राज्यहरूले साना किसानको कृषि तथा साना मत्स्यपालकका विशिष्ट विशेषताहरूलाई ध्यानमा राख्दै ग्रामीण क्षेत्रमा श्रम कानुनहरूको निरीक्षण कार्यको लागि आवश्यकीय तथा उपयुक्त स्रोतहरूको विनियोजन भए नभएको र प्रभावकारिता, परिपालन सुनिश्चिततामा भए नभएको अुगमनमा समेत जोड दिनुपर्ने छ।

६. कसैलाई पनि जबरजस्ती, बन्धक वा अनिवार्य श्रम गर्न, मानव बेचबिखनको सिकार हुने वा समसामयिक अन्य कुनै पनि प्रकारको दासत्वमा रहन बाध्य पारिने छैन। राज्यहरूले माझी तथा मत्स्य कामदार, वन कामदार वा मौसमी वा आप्रवासी कामदारहरू सहित किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदाय र तिनका प्रतिनिधि सङ्गठनहरूसँगको परामर्श र सहयोगमा उनीहरूलाई आर्थिक शोषण, बाल श्रम र महिला, पुरुष र बालबालिकाहरूलाई श्रम बन्धकी, ऋण बन्धनजस्ता समकालीन दासत्वबाट मुक्त राख्न उपयुक्त उपायहरू अवलम्बन गर्ने छन् ।

**धारा १४**

१. किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनुसमुदायहरूलाई चाहे तिनीहरू अस्थायी, मौसमी वा आप्रवासी कामदार जो भए पनि उनीहरू सुरक्षित र स्वस्थ कार्यस्थलमा काम गर्न, सुरक्षित र स्वास्थ्य उपायहरूको कार्यान्वयन तथा समीक्षामा भाग लिन, सुरक्षा र स्वास्थ्य सम्बन्धी प्रतिनिधि र यस्ता सुरक्षा तथा स्वास्थ्य समितिमा प्रतिनिधि छनोट गर्न, खतरा तथा जोखिमहरू रोक्ने, कम गर्ने र नियन्त्रण गर्ने उपायहरूको कार्यान्वयन गर्न, पर्याप्त र उपयुक्त सुरक्षात्मक पोसाक र अन्य उपकरण तथा पेसागत सुरक्षाका विषयमा पर्याप्त जानकारी र प्रशिक्षणमा पहुँच राख्न, यौन उत्पीडनसहित हिंसा र उत्पीडनबाट मुक्त अवस्थामा काम गर्न, असुरक्षित र अस्वस्थकर काम गर्ने अवस्थाहरूबारे उजुरी गर्न र ती सुरक्षा वा स्वास्थ्यका लागि आसन्न र गम्भीर जोखिम छन् भनी यथोचित रूपमा विश्वास गर्दा ती गतिविधिबाट उत्पन्न हुन सक्ने खतराबाट आफूलाई टाढा राख्न, त्यस्ता अधिकारहरू प्रयोग गर्दा त्यसबाट कुनै पनि कामसम्बन्धी प्रतिशोधहरू नहुने कुरा सुनिश्चित गर्ने जस्ता अधिकारहरूको प्रत्याभूति हुन्छ।

२. किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायलाई कृषि रसायन वा कृषि र औद्योगिक विषाक्त प्रदूषकहरू, खतरनाक पदार्थ वा विषाक्त रसायनहरू प्रयोग नगर्ने वा यस्तो कार्यमा संलग्न नहुने अधिकार हुने छ।

३. राज्यहरूले किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य मानिसहरूका लागि अनुकूल सुरक्षित र स्वस्थ कामको अवस्था सुनिश्चित गर्न उपयुक्त उपायहरू अबलम्बन गर्नुपर्ने छ। यसका लागि विशेष गरी उपयुक्त सक्षम अधिकारीहरूको जिम्मेवारी तोक्ने तथा नीति तथा राष्ट्रिय कानुनहरूको कार्यान्वयनका लागि अन्तरक्षेत्रीय समन्वय संयन्त्र स्थापना गर्ने जस्ता कामहरू गर्ने छन्। यसका साथै कृषि, कृषि-उद्योग र मत्स्यपालनमा व्यावसायिक सुरक्षा र स्वास्थ्य सम्बन्धी नियमहरू, सुधारात्मक उपायहरू तथा उचित दण्डसजायको व्यवस्था गर्दै यस्ता ग्रामीण सञ्चालन स्थलहरूको अनुगमनका लागि पर्याप्त र उपयुक्त निरीक्षण प्रणालीहरू स्थापना र सक्रिय कार्यान्वयन गर्नुपर्ने छ।

४. राज्यहरूले निम्न कुराहरू सुनिश्चित गर्न आवश्यक सबै उपायहरू अवलम्बन गर्ने छन् :

क. प्रविधिहरू ,रसायन तथा कृषिसम्बन्धी कामकाजहरू बाट स्वास्थ्यमा हुने

जोखिम पर्न नदिन तथा सुरक्षाका लागि तिनमा निषेध तथा प्रतिबन्ध लगाउन,

ख. कृषिमा प्रयोग हुने रसायनहरूको आयात, वर्गीकरण, खोलबन्दी, वितरण, नामाङ्कन र प्रयोगका सम्बन्धमा अधिकार प्राप्त अधिकारीबाट तिनको निषेध वा प्रतिबन्धका लागि विशेष मापदण्डहरू संस्थापन गर्न मान्य उपयुक्त राष्ट्रिय प्रणाली वा अन्य कुनै प्रणाली ।

ग. कृषिमा प्रयोग हुने रासायनिक पदार्थहरूको उत्पादन, पैठारी, उपलब्ध गराउने, बेच्ने, स्थानान्तरण गर्ने, भण्डारण गर्ने वा नष्ट गर्ने व्यक्तिहरूले राष्ट्रिय वा अन्य मान्यता प्राप्त सुरक्षा र स्वास्थ्य मापदण्डहरूको पूर्ण पालना गर्ने र प्रयोगकर्ताहरू तथा आवश्यक परेको खण्डमा आधिकारिक संयन्त्रहरूलाई आधिकारिक भाषा वा राष्ट्रिय भाषामा पर्याप्त र उपयुक्त सूचना जानकारी उपलब्ध गराउन,

घ. रासायनिक फोहोर, मिति गुज्रिएर थन्क्याइएका रसायन र रसायन पदार्थ भण्डारण गर्ने रित्ता बट्टाहरूको सुरक्षित सङ्कलन, पुनः प्रयोग र विसर्जनका लागि उपयुक्त प्रणाली विकास गर्न जसले गर्दा तिनलाई अन्य प्रयोजनका लागि उपयोग हुनबाट जोगाउन र सुरक्षा, स्वास्थ्य तथा वातावरणमा पर्ने जोखिमहरूलाई हटाउन वा न्यूनीकरण गर्न,

ङ. सामान्यतः ग्रामीण क्षेत्रहरूमा प्रयोग हुने रसायनहरू, तिनका स्वास्थ्य र वातावरणमा पर्ने प्रभावहरू तथा तिनका विकल्पहरुबारे शैक्षिक र जनचेतना मुलक कार्यक्रमहरूको विकास तथा कार्यान्वयन गर्न ।

**धारा १५**

१. किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई पर्याप्त खाद्यको अधिकार र भोकबाट मुक्त हुने मौलिक अधिकार भएकोले यसका लागि खाद्य उत्पादन गर्ने अधिकार तथा पर्याप्त पोषण पाउने अधिकार समावेश छ, जसले उनीहरूको शारीरिक, संवेगात्मक तथा बौद्धिक विकासको उच्चतम आनन्द लिने सम्भावनाको सुनिश्चितता गर्ने छ ।

२. राज्यहरूले किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूले आफ्नो संस्कृतिको सम्मान, भविष्यका पुस्ताहरूका लागि खाद्यान्नमा पहुँचको संरक्षण गर्दै उत्पादन र उपभोग गरिने पर्याप्त र प्रशस्त खाद्यान्नमा भौतिक र आर्थिक पहुँच राख्दै सधैं आनन्द

लिन सक्ने कुरा सुनिश्चित गर्ने छन्, जसले व्यक्तिगत र/वा सामूहिक रूपमा तिनका आवश्यकताहरू पूरा गर्दै शारीरिक र मानसिक रूपमा पूर्ण र सम्मानजनक जीवनको सुनिश्चितता प्राप्त हुने छ ।

३. राज्यहरूले ग्रामीण बालबालिकामा हुने कुपोषणविरुद्ध लड्न उपयुक्त उपायहरू अवलम्बन गर्ने छन्, जस अन्तर्गत प्राथमिक स्वास्थ्य सेवाको ढाँचाभित्र रही सहजै उपलब्ध प्रविधिको प्रयोग र पर्याप्त पौष्टिक खानाको व्यवस्था तथा गर्भावस्थामा महिलाहरूलाई पर्याप्त पोषण पाउने कुरा र बालबालिकाहरूका लागि स्तनपान सुनिश्चित गर्ने छन् । राज्यहरूले समाजका सबै तह र तप्काहरूमा विशेष गरी आमाबाबु र बालबालिकाहरूको पोषण शिक्षामा पहुँच सुनिश्चत गर्ने छन् र बालपोषण र स्तनपानका फाइदासम्बन्धी आधारभूत ज्ञानको उपयोग गर्न समर्थ गराइने छ ।

४. किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई आफ्नै खाद्य र कृषि प्रणाली निर्धारण गर्ने अधिकार छ, जसलाई धेरै राज्य तथा क्षेत्रहरूले खाद्य सम्प्रभुताको अधिकारका रूपमा मान्यता दिएका छन् । यसमा खाद्य तथा कृषि नीतिको निर्णय प्रक्रियामा भाग लिने अधिकार र पर्यावरणीय र दिगो विधिहरूमार्फत उत्पादित संस्कृतिजन्य स्वस्थ र पर्याप्त खाद्यन्नको अधिकार समावेश छ ।

५. राज्यहरूले यस घोषणापत्रमा समावेश अधिकारहरूको प्रवर्द्धन र संरक्षणका लागि किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायसँगको साझेदारीमा पर्याप्त खाद्य, खाद्य सुरक्षा र खाद्य सम्प्रभुता तथा दिगो र समन्यायिक खाद्यको अधिकारलाई अगाडि बढाउन स्थानीय, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा सार्वजनिक नीतिहरू तर्जुमा गर्ने छन् । राज्यहरूले यस घोषणापत्रमा रहेका अधिकारहरूको परिपूर्तिसँगै आफ्ना कृषि, आर्थिक, सामाजिक, सांस्कृतिक र विकास नीतिहरूको सङ्गति सुनिश्चित गर्न उपयुक्त संयन्त्र स्थापना गर्ने छन् ।

**धारा १६**

१. किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदाहरूलाई आफू र आफ्नो परिवारका लागि पर्याप्त जीवनस्तरका साथै उत्पादन उपकरण, प्राविधिक सहायता, ऋण, बिमा लगायतका अन्य उत्पादनका साधन र वित्तीय सेवामा सहज पहुँचको अधिकार छ । उनीहरूलाई स्वतन्त्र रूपमा, व्यक्तिगत रूपमा र/वा सामूहिक रूपमा, अरूसँग

वा समुदायका  रूपमा, परम्परागत रूपमा खेती, मत्स्यपालन, पशुपालन र वनपालनमा संलग्न हुने र समुदायमा आधारित व्यावसायीकरण प्रणालीहरू विकास गर्ने अधिकार छ ।

२. राज्यहरूले  किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायको उचित आय तथा जीविकोपार्जनको सुनिश्चितताका लागि उनीहरूका उत्पादनलाई स्थानीय, राष्ट्रिय र क्षेत्रीय बजारहरूमा उचित मूल्यमा बिक्रीका लागि आवश्यक यातायातका साधन र प्रशोधन, सुकाउने र भण्डारण सुविधाहरूमा उनीहरूको पहुँचका पक्षमा उपयुक्त उपायहरू अवलम्बन गर्ने छन् ।

३. राज्यहरूले स्थानीय, राष्ट्रिय र क्षेत्रीय बजारहरूको  सुदृढीकरण र समर्थनका लागि उपयुक्त उपायहरू अबलम्बन गर्ने छन्,  जसले ग्रामीण क्षेत्रमा काम गर्ने किसान तथा अन्य व्यक्ति र तिनका परिवारहरूले पर्याप्त जीवनस्तर प्राप्तिका लागि यी बजार हरूमा आफ्ना उत्पादनहरूलाई उचित मूल्यमा बिक्री गर्न पूर्ण र समन्यायिक पहुँच र सहभागिता सुनिश्चित गर्न मद्दत गर्ने छन्  ।

४. राज्यहरूले आफ्नो ग्रामीण विकास, कृषि, वातावरणीय, व्यापार र लगानी नीति र कार्यक्रमहरू मार्फत स्थानीय जीविकोपार्जनका विकल्पहरूको संरक्षण तथा सुदृढीकरण र कृषि उत्पादनको दिगोपन सुनिश्चित गर्न सबै प्रभावकारी र उपयुक्त उपायहरू अवलम्बन गर्ने छन् । राज्यहरूले सम्भव भएसम्म कृषि तथा जैविक उत्पादनसहित दिगो उत्पादनलाई उत्प्रेरित गर्ने छन् र प्रत्यक्ष रूपमा किसान र उपभोक्ताका बिचमा वस्तुहरूको खरिदबिक्रीलाई  सहज बनाउने छन् ।

५. प्राकृतिक प्रकोप र बजार विफलता जस्ता अन्य गम्भीर अवरोधहरू विरुद्ध ग्रामीण क्षेत्रमा काम गर्ने किसान तथा अन्य जनसमुदायहरूको सहनशीलतालाई सुदृढ बनाउन राज्यहरूले उपयुक्त उपायहरू अवलम्बन गर्ने छन् ।

६. राज्यहरूले कुनै पनि प्रकारको भेदभाव नगरी समान मूल्यको कामका लागि उचित पारिश्रमिक र समान पारिश्रमिक सुनिश्चित गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने छन् ।

**धारा १७**

१. किसान तथा ग्रामीण क्षेत्रमा बसोबास गर्ने अन्य जनसमुदायहरूलाई यस घोषणापत्रको धारा २८ बमोजिम व्यक्तिगत र/वा सामूहिक रूपमा भूमिको उपभोग सम्बन्धी अधिकार छ, जसमा पर्याप्त जीवनस्तर प्राप्त गर्न, सुरक्षा, शान्ति र सम्मानका साथ बस्ने ठाउँ र आफ्नो संस्कृतिको विकासका लागि भूमि तथा जलस्रोतहरूमा पहुँच तथा दिगो रूपमा प्रयोग र व्यवस्थापन, तटिय समुन्द्र, मत्स्यपालन, चरन र वन क्षेत्र प्रयोगको अधिकार समावेश छ ।

२. राज्यहरूले वैवाहिक स्थिति परिवर्तन, कानुनी क्षमताको कमी वा आर्थिक स्रोतहरूमा पहुँचको अभावलगायतबाट सिर्जित भूमिको अधिकारसँग सम्बन्धित सबै प्रकारका भेदभावहरू हटाउन र निषेध गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने छन् ।

३. राज्यहरूले विभिन्न स्वरूप र प्रणालीहरूको अस्तित्वलाई मान्यता दिई हाल कानुनद्वारा सुरक्षित नभएका परम्परागत भूमि अधिकारसहित भूमिको स्वामित्व अधिकारलाई कानुनी मान्यता प्रदान गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने छन् । राज्यहरूले वैध कार्यकालको सुरक्षा गर्ने छन् र ग्रामीण क्षेत्रमा काम गर्ने किसान तथा जनसमुदायहरूलाई स्वेच्छाचारी वा गैरकानुनी रूपमा निष्कासन गरिएको छैन र तिनीहरूको अधिकार नष्ट वा उल्लङ्घन गरिएको छैन भनी सुनिश्चित गर्ने छन् । राज्यहरूले साझा प्राकृतिक वस्तुहरूको पहिचान गरी तिनीहरूको सामूहिक प्रयोग र व्यवस्थापन प्रणालीहरूलाई संरक्षण गर्ने छन् ।

४. ग्रामीण क्षेत्रमा काम गर्ने किसान तथा अन्य जनसमुदायहरूलाई उनीहरूको भूमि वा बासस्थान वा पर्याप्त जीवनयापनका लागि आवश्यक परम्परागत रूपमा बसोबासरत ठाउँ वा तिनका गतिविधिहरूसँग सम्बन्धित स्रोतहरूबाट मनोमानी र गैरकानुनी विस्थापनविरुद्ध सुरक्षित हुन पाउने अधिकारहरू छन् । राज्यहरूले अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनसँग मेल खाने गरी घरेलु कानुनमा विस्थापनविरुद्धका सुरक्षा प्रावधानहरू समावेश गर्ने छन् । राज्यहरूले स्वेच्छाचारी र गैरकानुनी जबर जस्ती निष्कासन, कृषि क्षेत्रको विनाश र दण्डात्मक उपाय वा युद्धको माध्यम वा विधिबाट भूमि र अन्य प्राकृतिक स्रोतहरूको कब्जा वा उत्खननलाई निषेध गर्ने छन् ।

५. स्वेच्छाचारी वा गैरकानुनी रूपमा आफ्नो भूमिबाट मनोमानी वा गैरकानुनी रूपमा बञ्चित

भएका ग्रामीण क्षेत्रमा काम गर्ने किसान तथा अन्य जनसमुदायहरूलाई व्यक्तिगत र/वा सामूहिक रूपमा, अरूसँग वा समुदायको रूपमा, आफ्नो जमिनमा फर्कने अधिकार छ। प्राकृतिक प्रकोप र/वा सशस्त्र द्वन्द्वका घटनाहरूका कारण गैरकानुनी रूपमा बञ्चित हुन पुगेको हकमा उनीहरूको पर्याप्त जीवनस्तर सुनिश्चितताका लागि सम्भव भएसम्म उनीहरूले आफ्ना गतिविधिहरूमा प्रयोग गर्दै आएका प्राकृतिक स्रोतहरूमा उनीहरूको पहुँच पुनर्स्थापित गर्न वा सम्भव नभए न्यायोचित, निष्पक्ष र कानुनी रूपमा क्षतिपूर्ति प्राप्त गर्ने अधिकार छ।

६. भूमि र अन्य प्राकृतिक स्रोतहरूमा फराकिलो र समन्यायिक पहुँचलाई सहज बनाउन र यसको सामाजिक कार्यप्रणालीलाई मनन गर्दै भूमिको अत्यधिक एकाधिकार नियन्त्रण सीमित गर्न तथा किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूको पर्याप्त जीवनयापनका लागि राज्यहरूले कृषि सुधारहरू गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् । भूमिहीन किसान, माझी तथा अन्य ग्रामीण श्रमिकहरूलाई सार्वजनिक जग्गा, मत्स्यपालन र वनको बाँडफाँडमा प्राथमिकता दिनुपर्छ।

७. राज्यहरूले कृषि पर्यावरण लगायत उत्पादनमा प्रयोग हुने भूमि र अन्य प्राकृतिक स्रोतहरूको संरक्षण र दिगो उपयोगका विभिन्न उपायहरू अबलम्बन गर्ने र जैविक र अन्य प्राकृतिक क्षमता तथा चक्रहरूको पुनःरुत्थानका लागि उपयुक्त अवस्थाहरू सुनिश्चित गर्ने छन् ।

**धारा १८**

१. किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई आफूहरूले प्रयोग र व्यवस्थापन गर्ने गरेको भूमिको उत्पादकत्व क्षमता र वातावरण आरक्षण गर्ने तथा आफूले प्रचलन गर्दै गरेका स्रोतहरूको संरक्षण गर्ने अधिकार छ।

२. राज्यहरूले किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूले बिनाभेदभाव, सुरक्षित, स्वच्छ र स्वस्थ वातावरणको उपयोग गर्न सक्ने सुनिश्चितताका लागि उपयुक्त व्यवस्था गर्ने छन् ।

३. जलवायु परिवर्तनविरुद्ध लड्न राज्यहरूले आ-आफ्ना अन्तर्राष्ट्रिय दायित्वहरूको परिपालना गर्ने छन् । किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य व्यक्तिहरूलाई परम्परागत ज्ञान तथा कार्यसम्पादन अभ्यासको प्रयोगबाट राष्ट्रिय र स्थानीय जलवायु परिवर्तन

अनुकूलन र न्यूनीकरण नीतिहरू निर्माण गर्ने र कार्यान्वयन गर्दा योगदान गर्ने अधिकार छ।

४. किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूको भूमिमा कुनै पनि खतरनाक सामग्री, जोखिमपूर्ण पदार्थ वा विकारहरू थुपार्न वा यस्ता पदार्थहरू फ्याँक्ने काम जथाभावी नहोस् भनी सुनिश्चित गर्न राज्यहरूले प्रभावकारी उपायहरू कार्यान्वयन गर्ने छन् र सीमापारि हुन सक्ने पर्यावरणीय हानिबाट उनीहरूको अधिकारको उपभोगमा आउने जोखिमलाई सम्बोधन गर्न सहयोग गर्ने छन्।

५. राज्यहरूले किसान वा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूको अधिकारको संरक्षणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान गर्ने वातावरणीय कानुनहरू लागू गरेर गैरराजकीय संस्थाहरूबाट हुने दुर्व्यवहारविरुद्ध ग्रामीण क्षेत्रमा काम गर्ने किसान र अन्य मानिसहरूलाई संरक्षण गर्ने छन्।

**धारा** १९

१. किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई यसै घोषणापत्रको धारा २८ अनुसार बिउको अधिकार छ, जसमा निम्नलिखित बुँदाहरू समावेश छन् :

   क. खाद्य र कृषिका लागि  वानस्पतिक आनुवंशिक स्रोतहरूसँग सम्बन्धित परम्परागत ज्ञानको संरक्षणको अधिकार;

   ख. खाद्यान्न र कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतहरूको उपयोगबाट हुने फाइदाहरूको बाँडफाँडमा समान रूपमा सहभागी हुने अधिकार;

   ग. खाद्य र कृषिको लागि वानस्पतिक आनुवंशिक स्रोतहरूको संरक्षण र दिगो उपयोग सम्बन्धी मामिलाका निर्णय प्रक्रियाहरूमा भाग लिने अधिकार;

   घ. आफ्नो खेतीबाट सुरक्षित गरिएको बिउ वा उत्पादक सामाग्री बचाउन, उपयोग गर्न, आदानप्रदान र बिक्री सम्बन्धी अधिकार;

२. किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई आफ्नो बिउ र परम्परागत ज्ञान सुरक्षित राख्न, नियन्त्रण, संबर्धन र विकास गर्ने अधिकार छ।

३. राज्यहरूले किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य मानिसहरूको बिउको अधिकारलाई सम्मान, संरक्षण र पूरा गर्न विभिन्न उपायहरू अवलम्बन गर्ने छन्।

४. राज्यहरूले किसानहरूसँग रोप्नका लागि सबैभन्दा उपयुक्त समय र सहुलियत मूल्यमा पर्याप्त गुणस्तर र परिमाणका बिउहरू उपलब्ध हुने गरेको छ भनी सुनिश्चित गर्ने छन् ।

५. राज्यहरूले किसानहरूले आफै उत्पादन गरेको बिउ वा आफ्नो रोजाइको अन्य स्थानीय रूपमा उपलब्ध बिउहरूमा भर पर्न र उनीहरूले उब्जाउन चाहेको बाली र प्रजातिहरूबारे छनोट गर्ने अधिकारलाई मान्यता दिने छन् ।

६. राज्यहरूले किसानले उत्पादन गरेको बिउ प्रणालीलाई समर्थन गर्न र उनीहरूले उत्पादन गरेका बिउ र कृषि जैविक विविधताको प्रयोगलाई प्रबर्द्धन गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने छन् ।

७. राज्यहरूले कृषि अनुसन्धान र विकासको माध्यमबाट किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूको आवश्यकतालाई एकीकृत गर्नु उनीहरूको अनुभवलाई ध्यानमा राखेर प्राथमिकताहरू तोक्ने र अनुसन्धान तथा विकास कार्यमा उनीहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न उपयुक्त कदम चाल्ने छन् । यसका साथै किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूको आवश्यकतालाई सम्बोधन गर्न अनुसन्धान र लोपोन्मुख बाली र बिउहरूको संरक्षण र विकासमा लगानी बढाउन कदमहरू चाल्ने छन् ।

८. राज्यहरूको बिउविजन नीति, वनस्पतिको विविधता संरक्षण तथा अन्य बौद्धिक सम्पत्ति संरक्षण कानुनहरू, प्रमाणीकरण प्रावधानहरू र बिउ बजारीकरण लगायतका कानुनहरूमा किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य मानिसहरूको अधिकार, आवश्यकता र वास्तविकतालाई सम्मान गर्ने, अभिलेखनमा राख्नुपर्ने व्यवस्था सुनिश्चित गर्ने छन् ।

**धारा २०**

१. राज्यहरूले आफ्नो सान्दर्भिक अन्तर्राष्ट्रिय दायित्व बमोजिम जैविक विविधताको ह्रास रोकी यसको संरक्षण र दिगो उपयोग सुनिश्चित गर्ने र यसबाट किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूको अधिकारको पूर्ण उपभोग प्रबर्द्धन र संरक्षण गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने छन् ।

२. राज्यहरूले परम्परागत कृषि, पशुपालन, वन, मत्स्यपालन, पशुधन र कृषि पर्यावरण प्रणाली तथा जैविक विविधताको संरक्षण र दिगो प्रयोगबाट ग्रामीण क्षेत्रमा काम गर्ने किसान तथा अन्य जनसमुदायहरूका आफ्ना परम्परागत ज्ञान, नवआविष्कार तथा प्रवर्तन र अभ्यासहरूको प्रवर्धन र संरक्षण गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने छन् ।

३. आनुवंशिक रूपमा परिमार्जित बिउबिजनको विकास, सम्भार, ढुवानी, प्रयोग, स्थानान्तरण वा जारी किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूको अधिकार उल्लङ्घन हुन सक्ने जोखिमलाई राज्यहरूले रोक्नुपर्ने छ ।

**धारा २१**

१. किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई सबै मानव अधिकार र मानवीय मर्यादाबाट जीवनको पूर्ण आनन्द प्राप्तीका लागि अत्यावश्यक, सुरक्षित र सफा खानेपानी तथा सरसफाइको अधिकार छ । यी अधिकारहरूमा राम्रो गुणस्तर, आफ्नो आयस्रोतभित्रको भौतिक रूपमा सहज, पहुँच भएको, कुनै विभेद विनाको र सांस्कृतिक तथा लैङ्गिक मान्यताहरूमा स्वीकार्य खानेपानी आपूर्ति प्रणाली र सरसफाइ सुविधाहरू पर्दछन् ।

२. किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई व्यक्तिगत र घरेलु प्रयोग गर्न, खेती, माछा मार्ने, पशुपालन र पानी सम्बन्धी अन्य जीविकोपार्जन, सहज हुने पानीको संरक्षण गरी उपयोग गर्ने र यसो गर्दा पुनः जगेर्ना र दिगो उपयोग सुनिश्चित हुने गरी पानी उपलब्ध हुनुपर्ने अधिकार छ । तनीहरूको पानी र पानी व्यवस्थापन प्रणालीहरूमा समान पहुँचको अधिकार छ र जथाभावी विच्छेदन विरुद्ध वा प्रदूषणबाट मुक्त पानीको आपूर्तिमा पूर्ण अधिकार छ ।

३. राज्यहरूले कुनै पनि विभेद विना परम्परागत र समुदायमा आधारित पानी व्यवस्थापन प्रणाली आदिमा पहुँचको अधिकारको सम्मान, संरक्षण तथा सुनिश्चितता गर्ने छन् र विशेष गरी ग्रामीण महिला, छात्राहरू र विपन्न वा सीमान्तकृत समूहका व्यक्तिहरू, जस्तैः घुमन्ते पशुपालकहरू, वृक्षरोपणमा काम गर्ने व्यक्तिहरू, बसाइँसराइँको स्थिति जे जस्तो भए पनि सबै आप्रवासीहरू असङ्गठित वा अनौपचारिक बस्तीहरूमा बस्ने व्यक्तिहरू जो भए पनि उनीहरूका लागि व्यक्तिगत, घरेलु र उत्पादनशील प्रयोगका लागि खास गरी ग्रामीण महिला र नानीहरूको हितलाई ध्यानमा राखेर सुधारिएको

सरसफाइसहित पानीको उपलब्धता प्रत्याभुत गर्ने उपायहरू अपनाउने छन् । राज्यहरूले फोहोर पानीको पुनः प्रशोधन गरी त्यसको प्रयोग, सङ्कलन र भण्डारणका लागि प्रविधि तथा सिँचाइ प्रविधि समेत विविध उपयुक्त र किफायती प्रविधिहरू प्रबर्द्धधन गर्ने छन् ।

४. राज्यहरूले पहाड, वन, सिमसार, नदी, जलचर क्षेत्र र तालतलैयालगायतका पानीसँग सम्बन्धित पारिस्थितिक प्रणालीहरूमा हानि पुऱ्याउने पदार्थहरू विशेष गरी औद्योगिक फोहोर र सघन खनिज तथा रसायनहरू जसले ढिलो वा चाँडो विषाक्तताको परिणाम दिन्छन्, त्यस्ता पदार्थहरूको अत्यधिक प्रयोग तथा प्रदूषणबाट संरक्षण र पुनर्स्थापना गर्न विशेष जोड दिने छन् ।

५. राज्यहरूले तेस्रो पक्षलाई किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने जनसमुदायहरूको आनन्दसँग उपभोग गर्न पाउने पानीको अधिकारमा बाधा पुऱ्याउने कार्यमा बन्देज लगाउने छन् । राज्यहरूले मानवीय आवश्यकताका लागि पानीलाई अन्य प्रयोगभन्दा पहिलो प्राथमिकता दिँदै यसको संरक्षण, पुनर्स्थापना र दिगो प्रयोगलाई प्रबर्द्धन गर्न प्राथमिकता दिने छन् ।

**धारा २२**

१. किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई सामाजिक बिमासमेतको सामाजिक सुरक्षाको अधिकार छ ।

२. राज्यहरूले आफ्नो राष्ट्रिय परिस्थितिअनुसार ग्रामीण क्षेत्रका सबै आप्रबासी कामदार हरूको सामाजिक सुरक्षाको अधिकारको उपभोग प्रबर्द्धन गर्न उपयुक्त कदमहरू चाल्ने छन् ।

३. राज्यहरूले किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूको सामाजिक बिमासहितको सामाजिक सुरक्षाको अधिकारलाई मान्यता दिनुपर्छ र राष्ट्रिय परि स्थितिअनुसार सामाजिक सुरक्षा तहहरू स्थापना वा कायम गर्दा आधारभूत सामाजिक सुरक्षामा प्रत्याभूति समेत समावेस हुन पर्दछ । ती प्रत्याभूतिहरूले न्यूनतम रूपमा जीवन बिताउन आवश्यक सबै स्वास्थ्य सेवा र आधारभूत आय सुरक्षामा पहुँच सुनिश्चित गर्दै राष्ट्रिय स्तरमा आवश्यक छन् भनी परिभाषित वस्तु तथा सेवाहरूमा प्रभावकारी पहुँच सुरक्षित गर्नुपर्छ ।

४. आधारभूत सामाजिक सुरक्षाको प्रत्याभूति कानुनद्वारा व्यवस्थित हुनुपर्छ। यसमा निष्पक्ष, पारदर्शी, प्रभावकारी, पहुँचयोग्य र गुनासो तथा पुनरावेदनका किफायती प्रक्रियाहरू पनि स्पस्ट किटान हुनु पर्छ। राष्ट्रिय कानुनी ढाँचाहरूको पालना अभिवृद्धिका लागि उचित प्रणालीको विकास गरिनुपर्छ।

**धारा २३**

१. किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई उच्चतम प्राप्य स्तरको शारीरिक र मानसिक स्वास्थ्य सुविधा उपभोग गर्ने अधिकार छ। उनीहरूलाई कुनै पनि भेदभावबिना सबै खाले सामाजिक र स्वास्थ्य सेवाहरूमा पहुँचको पनि अधिकार छ।

२. किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई उनीहरूका परम्परागत औषधीहरू प्रयोग गर्ने र संरक्षण गर्ने तथा औषधीय प्रयोगका लागि उनीहरूले प्रयोग गर्दै आएका बोटबिरुवा, जनावर र खनिजहरूको संरक्षण र पहुँच यथावत कायम राख्दै तिनीहरूले अपनाई आइरहेका स्वास्थ्य अभ्यासहरू प्रचलनमा राख्ने अधिकार छ।

३. राज्यहरूले कुनै भेदभाव विना ग्रामीण क्षेत्रहरूमा स्वास्थ्य सुविधा, सामाग्री तथा सेवाहरू विशेष गरी जोखिममा रहेका समूहहरूका लागि आवश्यक औषधिहरूमा पहुँच, प्रमुख सङ्घामक रोगहरूविरुद्ध खोप, प्रजनन स्वास्थ्य, मुख्य स्वास्थ्य समस्याहरू सम्बन्धी जानकारी, समुदायलाई प्रभाव पार्ने स्वास्थ्य समस्या र तिनलाई रोकथाम र नियन्त्रण गर्ने विधिहरू, मातृ र बाल स्वास्थ्य हेरचाह साथै स्वास्थ्य र मानव अधिकारसम्बन्धी शिक्षासहित स्वास्थ्य कर्मचारीहरूका लागि प्रशिक्षण लगायतका कुराहरूमा प्रत्याभूति दिनुपर्छ।

**धारा २४**

१. किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई पर्याप्त आवासको अधिकार छ। उनीहरूलाई शान्ति र सम्मानका साथ बाँच्नका लागि सुरक्षित घर तथा समुदाय निर्वाहको अधिकार र यस सन्दर्भमा भेदभावरहित भएर जिउन पाउने अधिकार छ।

२. किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई उनीहरूको घरबाट जबर जस्ती निष्कासन, उत्पीडन र अन्य धम्कीहरू विरुद्ध सुरक्षित हुने अधिकार छ।

३.  राज्यहरूले स्वेच्छाचारी वा गैरकानूनी रूपमा अथवा अस्थायी वा स्थायी रूपमा किसान वा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई उनीहरूको इच्छा विरुद्ध बसोबास, घर वा जमिनबाट उचित कानुनी वा अन्य सुरक्षाको पहुँच प्रदान नगरी हटाउन पाउने छैन ।  यदि हटाउनै पर्ने अवस्था टार्न नसकिने भएमा राज्यले कुनै पनि भौतिक क्षतिको निश्पक्ष र न्यायोचित ढङ्गबाट क्षतिपूर्ति उपलब्ध गराउने वा यसो गर्ने कानुनी सुनिश्चितता प्रदान गर्न'पर्दछ ।

**धारा २५**

१.  किसान तथा ग्रामीण क्षेत्रहरूमा काम गर्ने अन्य जनसमुदायहरूलाई उनीहरूको विशिष्ट पहिचान झल्किने पर्यावरणीय कृषि, सामाजिक, सांस्कृतिक र आर्थिक वातावरणका लागि उपयुक्त र पर्याप्त तालिम पाउने अधिकार छ । तालिम कार्यक्रमहरूमा समेटिने विषयहरूमा उत्पादकत्वमा सुधार, बजारीकरण र कीट तथा रोगजन्य व्यवस्थामा आउने उतारचढाव, रसायनहरूको प्रभाव, जलवायु परिवर्तन र मौसम सम्बन्धी अन्य घटनाहरू जस्ता कारकहरू विरुद्ध सामना गर्ने क्षमता अभिवृद्धिको कार्यक्रम समावेश हुनै पर्छ तर, यतिमा मात्र सीमित हुनुपर्छ भन्ने चाहिँ होइन ।

२.  सबै किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायका बालबालिकाहरूलाई उनीहरूको संस्कृति अनुसारको शिक्षा पाउने र मानव अधिकार सम्बन्धी दस्तावेजहरूमा समावेश सबै अधिकारहरू समेत भएको शिक्षाको अधिकार छ ।

३.  राज्यहरूले किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनपमुदायले तत्कालीन र आइपर्ने चुनौतीहरूको सामना गर्न सक्ने गरी किसान पाठशाला, सहभागितामूलक वनस्पति प्रजनन केन्द्र र वनस्पति तथा पशु स्वास्थ्य क्लिनिकहरू जस्ता समतामूलक र सहभागितामूलक किसान-वैज्ञानिक साझेदारी सहकार्यहरूलाई प्रोत्साहन गर्ने छन् ।

४.  राज्यहरूले तालिम, बजार जानकारी र सल्लाहका सेवाहरू किसानकै खेतवारीमा उपलब्ध गराउन लगानी गर्ने छन् ।

**धारा २६**

१.  किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूलाई कुनै पनि प्रकारको हस्तक्षेप वा भेदभावबिना आफ्नो संस्कृतिको आनन्द लिन र स्वतन्त्र रूपमा आफ्नो

सांस्कृतिक विकास गर्ने अधिकार छ। तिनीहरूसँग भएका आफ्ना परम्परागत र स्थानीय ज्ञान, जस्तै : जीवन शैली, उत्पादन तरिका वा प्रविधि वा प्रचलन र परम्परालाई कायम राख्ने, अभिव्यक्त गर्ने, नियन्त्रण गर्ने, संरक्षण गर्ने र विकास गर्ने अधिकार छ। अन्तर र्राष्ट्रिय कानुनद्वारा प्रत्याभूत गरिएका मानवअधिकारहरूको उल्लङ्घन गर्न वा तिनीहरूको दायरा सीमित गर्ने गरी कसैले पनि सांस्कृतिक अधिकारहरू प्रयोग गर्न सक्ने छैनन्।

२. किसान र ग्रामीण क्षेत्रमा काम गर्ने अन्य व्यक्तिहरूलाई व्यक्तिगत र/वा सामूहिक रूपमा, अरूसँग मिलेर वा समुदायका रूपमा आफ्नो स्थानीय रीतिरिवाज, भाषा, संस्कृति, धर्म, साहित्य र कलालाई अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डहरू अनुरूप अभिव्यक्त गर्ने अधिकार छ।

३. राज्यहरूले किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य जनसमुदायहरूको परम्परागत ज्ञानको सम्मान गर्ने, अस्थित्व स्विकार गर्ने संरक्षण गर्ने र उनीहरूको परम्परागत ज्ञान, अभ्यास र प्रविधिहरूविरुद्धको भेदभाव उन्मूलनका लागि विभिन्न उपायहरू अवलम्बन गर्ने छन्।

**धारा २७**


१. संयुक्त राष्ट्रसङ्घका निकायहरू, कोष तथा कार्यक्रमहरू र क्षेत्रीय र अन्तर्राष्ट्रिय अन्तर्सरकारी सञ्चारहरूले यस घोषणाको पूर्ण प्राप्तिका लागि योगदान गर्ने छन्। साथै साझेदार संस्था, विकास सहायता र सहयोग परिचालन गर्ने छन्। यस्ता कार्य र सहयोगहरूका प्रभाव पार्ने विषयमा उनीहरूको सहभागिता समेत सुनिश्चित गरिने छ।

२. संयुक्त राष्ट्र संघ र यसका विशेष निकायहरू, कोष तथा कार्यक्रमहरू र अन्तर्राष्ट्रिय तथा क्षेत्रीय वित्तीय संस्थाहरूसमेत अन्य अन्तरसरकारी संस्थाहरूले यस घोषणाको सम्मान र पूर्ण प्रयोगलाई प्रबर्द्धन गर्ने छन् र यसको प्रभावकारिताको अनुगमन गर्ने छन्।

**धारा २८**

१. वर्तमान घोषणापत्रमा उल्लेखित कुनै पनि प्रावधानलाई किसान तथा ग्रामीण क्षेत्रहरूमा काम गर्ने अन्य जनसमुदायहरू र आदिवासी तथा जनजातिहरूले वर्तमानमा भोग गरिरहेका वा भविष्यमा प्राप्त गर्न सक्ने अधिकारहरू घटाउने, कमजोर पार्ने वा खारेज गर्ने गरी व्याख्या गर्न सकिने छैन ।

२. यस घोषणापत्रमा उल्लिखित अधिकारहरू कार्यान्वयन गर्दा सबैको मानव अधिकार र मौलिक स्वतन्त्रताको सम्मानमा कुनै पनि प्रकारको भेदभाव नहुने गरी गरिने छ । यस घोषणापत्रमा उल्लिखित अधिकारहरूको प्रयोग कानुनद्वारा निर्धारण गरिएका र अन्तर्राष्ट्रिय मानवअधिकार तथा दायित्वहरूसँग मेल खाने सीमाहरूबाट मात्र प्रभावित हुने छन् । त्यस्ता सीमाहरू कुनै पनि भेदभाविना र अरूको अधिकार र स्वतन्त्रतालाई सुनिश्चित गर्न आवश्यक उचित मान्यता र सम्मान तथा लोकतान्त्रिक समाजका न्यायिक र अतिबाध्यकारी आवश्यकताहरू पूरा गर्ने एकल उदेश्यले मात्र प्रयोग हुने छन् ।




अखिल नेपाल किसान महासंघ

**All Nepal Peasants' Federation**

Kathmandu, Nepal,
info@anpfa.org,
ANPFa

+977 1 4474654,
https://anpfa.org
ANPFa